NCRA License No:2050-00370 KSKL Regd. No:CP00009
दर्ता नं: ८१-०५०/०५१
पान नं.: ३०३२१०६०५
स्थापित: २०५०

जनसचेतन
JANASACHETAN

"प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था"

बचत तथा ऋण सहकारी संस्था लि.
JANASACHETAN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS SILVER

# विद्यार्थी छात्रवृत्ति सम्बन्धी सूचना !

(प्रकाशित मितिः २०८३ भाद्र १६)

संस्थाको आ.व. ०८३/८४ को वार्षिक कार्यक्रम अनुसार संस्थामा आवद्ध भई नियमित बचत गर्ने शेयर सदस्य वा बालबचतकर्ताहरु मध्येबाट सामुदायिक विद्यालयहरुको आधारभुत, माध्यमिक र क्याम्पस तहमा अध्ययनरत विद्यार्थीहरुलाई तपसिल बमोजिम सम्बन्धित विद्यालय तथा क्याम्पसको सिफारिसमा छात्रवृति प्रदान गरिने भएकोले पछिल्लो वर्षको लव्धाङ्क-पत्रको प्रतिलिपिका साथ विद्यार्थीहरुको नामावली सिफारिस गरी पठाइदिनु हुन सम्बन्धित विद्यालय तथा क्याम्पसहरुलाई अनुरोध गरिन्छ । साथै आफ्ना बालबालिकाहरु अध्ययनरत विद्यालय तथा क्याम्पसमा छात्रवृतिको लागि सिफारिस माग गर्न समेत सम्बन्धित विद्यार्थी तथा अभिभावकज्यूहरुमा अनुरोध गर्दछौं ।

## छात्रवृत्तिको विवरण

| क्र.सं. | तह | छात्रवृत्ति संख्या | दर | जम्मा रु. |
|---|---|---|---|---|
| १ | आधारभूत तह (१-५) | ३० जना | १५००.०० | ४५,०००.०० |
| २ | आधारभूत तह (६-८) | २० जना | १५००.०० | ३०,०००.०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१०) | ३० जना | २०००.०० | ६०,०००.०० |
| ४ | माध्यमिक तह (कक्षा ११-१२) | २० जना | ५०००.०० | १,००,०००.०० |
| ५ | क्याम्पस तह (स्नातक) | ५ जना | ७०००.०० | ३५,०००.०० |
| जम्मा | | १०५ जना | | २,७०,०००.०० |

पेश गर्ने अन्तिम मिति : २०८३ भाद्र ३० गते कार्यालय समयभित्र
कागजात पेश गर्ने स्थान : संस्थाका कार्यालयहरु (भौतिक रुपमा पेश गर्नुपर्ने )

## छनौटका आधारहरु

- सेवाकेन्द्र अन्तर्गत आवद्ध बाल बचतकर्ताहरु र सम्बन्धित विद्यालयहरुमा अध्ययनरत विद्यार्थी संख्यालाई आधार मानिने ।
- सम्बन्धित क्षेत्रको कोटाभन्दा बढी आवेदन पर्न आएमा विद्यार्थीले प्राप्त गरेको जि.पि.ए. लाई प्राथमिकता दिइने ।

*नोटः सम्बन्धित विद्यालय वा अभिभावकहरुले कार्यालयमा संस्थाले तोकेको ढाँचाको निवेदन पेश गरेपछि दर्ता गराई सोको निस्सा अनिवार्य लिनुपर्नेछ । साथै निवेदन पेश गर्दा सम्बन्धित विद्यालयले विद्यालय व्यवस्थापन समिति/ शिक्षक स्टाफ/ क्याम्पस व्यवस्थापन समितिको बैठकको निर्णय अनिवार्य पेश गर्नुपर्नेछ ।*

संयोजक
सम्मान, पुरस्कार तथा छात्रवृत्ति छनौट कार्यदल

वैतेश्वर गा.पा.-५,काभ्रे, दोलखा
०४९-४११००४/०४९-४११००
info@janasachetan.org.np
www.janasachetan.org.np